# प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि.

नारायण चौर, नक्साल
पोष्ट बक्स: ९१८३, काठमाडौं, नेपाल
टेलिफोन: ४४१०६४८, ४४३९३५३, ४४३९३५८
फ्याक्स: ४४१३४४२

E-mail: premier@picl.com.np
Web: www.premier-insurance.com.np

# चौबीसौं साधारण सभा
# बाट
# पारित निर्णय विवरण

## आ.व. ०७३।०७४

मिति: २०७४।१२।२६

**<u>विषयः चौबीसौं वार्षिक साधारण सभाको निर्णय</u> ।**

आदरणिय शेयरधनी महानुभाव,

२०७४ साल चैत्र २६ गते सोमबारका दिन नक्साल ब्याङ्क्वेट, नक्साल, काठमाण्डौंमा बसेको यस कम्पनीको चौबीसौं वार्षिक साधारण सभाबाट पारित निर्णय (माईन्यूट) कम्पनी ऐन २०६३ को दफा ७५ (३) बमोजिम यसै साथ पठाईएको छ ।

आज्ञाले,

महेन्द्र बहादुर श्रेष्ठ
कम्पनी सचिव

# प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लि.
# चौबीसौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लिमिटेडको चौबीसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री सुरेश लाल श्रेष्ठज्यूको अध्यक्षतामा २०७४ साल चैत्र २६ गते सोमबार तदनुसार २०१८ अप्रिल ९ तारिखका दिन नक्साल ब्याङ्केट, नक्साल, काठमाण्डौंमा बिहान १० बजे शुरु भई दिनको १२:३० बजे समाप्त भयो ।

**१) सभाको सूचना तथा प्रकाशन:**

चौबीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार २०७४।१२।०४ को आर्थिक अभियान राष्ट्रिय दैनिक र २०७४।१२।०९ को कारोवार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

**२) उपस्थिति:**

**(क) कम्पनी ऐन २०६३ को दफा ६८ अनुरुप संचालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १) | श्री सुरेश लाल श्रेष्ठ | अध्यक्ष |
| २) | श्री राजन कृष्ण श्रेष्ठ | सदस्य |
| ३) | श्री बिजय कृष्ण श्रेष्ठ | सदस्य |
| ४) | श्री राजेश लाल श्रेष्ठ | सदस्य |
| ५) | श्री केदार नारायण मानन्धर | सदस्य (अनुपस्थित) |
| ६) | श्री बलराम श्रेष्ठ | सदस्य |
| ७) | श्री मनोज प्रसाद राजभण्डारी | सदस्य |

**३) सभा संचालन गर्न गणपूरक संख्या:**

१) (अ) कुल शेयरधनीहरु मध्ये उपस्थित संख्या: ४६२
(आ) बांडफांड भएको कुल शेयर संख्या मध्ये उपस्थित प्रतिशत: ५५%

उपरोक्त बमोजिम सभा संचालन गर्न उपरोक्त गणपूरक संख्या कम्पनी २०६३ को दफा ७३(२) बमोजिम पुगेको सभालाई जानकारी गराईयो ।

४) **छलफलको विषय सूची:**

(क) <u>सामान्य प्रस्ताव</u>

१) संचालक समितिको आर्थिक वर्ष २०७३।०७४ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७३।०७४ को नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण पारित गर्ने ।
३) आ.व. २०७४।०७५ को लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिमको लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
४) विविध

(ख) <u>विशेष प्रस्ताव</u>

१) कम्पनीको आर्थिक वर्ष २०७३।०७४ को हिसाव विवरण अनुसार कम्पनीको मूनाफाबाट शेयरधनीहरुलाई वितरण योग्य मूनाफाबाट १३.५२ प्रतिशत बोनस शेयर तथा बोनस शेयरको कर प्रजयोनार्थ रकम रु.३६,५९,७४९।- लाभांश पारित गर्ने ।

५) **सभाको बैधानिकता र सभाको प्रारम्भ:**

कम्पनी ऐन २०६३ को दफा ६९ को प्रावधान अनुसार बाईसौं वार्षिक साधारण सभा बोलाईएको र सोही ऐनको दफा ७३(२) बमोजिम सभा सम्पन्न गर्न कम्पनी सचिवले गणपुरक संख्या पुगेको सभा समक्ष जानकारी दिनु भए पश्चात साधारण सभा प्रारम्भ भयो ।

६) **सभाको सभाको अध्यक्षता र वार्षिक प्रतिवेदन प्रस्तुति:**

संचालक समितिका अध्यक्ष श्री सुरेश लाल श्रेष्ठज्यूले सभाको अध्यक्षता ग्रहण गर्नु भई संचालक समितिको प्रतिवेदन सभामा पढेर प्रस्तुत गर्नुभयो ।

७) **छलफलका लागि आव्हान र सहभागी हुने वक्ताहरुको नाम:**

अध्यक्षज्यूबाट संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत भए पछि कम्पनी सचिवले आ.व. २०७३।०७४ को प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन तथा हिसाब उपर छलफलमा सहभागी हुन चाहने शेयरधनी महानुभावहरुलाई आ-आफ्नो जिज्ञासा मन्तव्य तथा सुझाव व्यक्त गर्न नाम दिन अनुरोध गर्नु भएकोमा निम्न शेयरधनीहरुले छलफलको निमित्त नाम प्रस्तुत गर्नु भयो ।

क) श्री डा. माधव कुमार श्रेष्ठ
ख) श्री अमृत नाथ रेग्मी

ग) अशोक उप्रेती
घ) श्री नरसिंहलाल चंखु
ङ) श्री उद्धव प्रसाद घिमिरे
च) श्री व्यास कुमार शर्मा
छ) श्री राजेश कूमार शाह
ज) श्री दिवाकर खड्का
झ) श्री गुण राज भट्ट
ञ) श्री राम प्रसाद पाण्डे

**८) वक्ता शेयरधनीहरुले दिनु भएको सुझाव, प्रश्न, जिज्ञासा एवं प्रतिक्रिया निम्न प्रकारको रह्यो:**

**क) डा. माधव कुमार श्रेष्ठ**

- २४ औं वार्षिक साधारण सभाको लागि तथा बोनस १३.५२ प्रतिशत दिएकोमा धन्यवाद ।
- कम्पनीका कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने ।

**ख) अमृत नाथ रेग्मी**

- आगामी वर्ष २५ औं वर्ष पुग्दा कम्पनीले राम्रो प्रगति देखाउनु पर्ने ।
- अध्यक्षको मन्तव्यमा कम्पनीको भिजन आएको भए राम्रो हुन्थ्यो ।
- अरु बीमा कम्पनी भन्दा राम्रो हुनु पऱ्यो ।
- Asset Management राम्रो छ ।
- ७ वटै प्रदेशमा कम्पनीको कर्पोरेट अफिसको लागि घर जग्गाको व्यवस्था गर्ने पर्ने ।

**ग) अशोक उप्रेती**

- सबै बीमा कम्पनी मिलेर बीमा बजारलाई कसरी बढाउन सकिन्छ भनेर रिसर्च गर्नुपर्ने ।
- वार्षिक प्रतिवेदन राम्रो छ ।

**घ) नरसिंहलाल चंखु**

- ब्यालेन्स सीट राम्रो छ, सकारात्कम छ ।
- लगानीकर्तालाई चाहिने भनेको प्रतिफल हो कम्पनीले प्रतिफल दिएकोमा धन्यवाद ।
- आमामी वर्ष लाभांस पनि बढाउनु पर्दछ ।

- बजारलाई विस्तार गर्नु पर्नेछ ।
- कम्पनीको सफलताको लागि शुभकामना ।

ङ) **उद्धव प्रसाद घिमिरे**

- ब्यालेन्स सिट राम्रो छ ।
- कम्पनीले बोनस १३.५२ प्रतिशत दिएकोमा धन्यवाद ।
- अर्को वर्ष रजत जयन्तीमा विशेषाङ्क निकाल्नु पर्दछ ।
- टोटल इन्कम २७ करोड ८३ लाख भएकोमा राम्रो छ ।
- दाबी भुक्तानी राम्रो छ ।

च) **व्यास कुमार शर्मा**

- वित्तिय विवरण हेर्दा कम्पनी सही वाटोमा हिडेको देखिन्छ ।
- इन्भेष्टमेष्ट पोर्टफोलियो राम्रो छ ।
- जगेडा कोषमा रकम बृद्धि गर्नु एकदम राम्रो छ।
- बिजनेश बढे संगै यसको गुणस्तरमा पनि ध्यान दिनु पर्नै ।

छ) **राजेश कुमार शाक्य**

- FPO लिस्टिङ्ग बूक क्लोजिङ मिति भन्दा २-३ दिन पहिलै गर्नु पर्ने थियो, ढिलो गरि लिस्टिङ्ग भयो ।

ज) दिवाकर खड्का

- ५८ करोड चुत्ता पुंजी भएकोमा अर्को बर्ष १ अर्ब पुर्याउन राम्रो प्रतिफल दिनुपर्ने ।
- शेयर धनीले बुझ्न बांकी लाभांस बुझ्नको लागि सरल व्यवस्था मिलाउनू पर्ने ।

झ) **गुणराज भट्ट**

- भुकम्पपछि बीमाको बजार बढ्दै गैरहेको छ ।
- कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गर्नु पर्‍यो ।

ञ) **राम प्रसाद पाण्डे**

- रि-इन्स्योरेन्स नविकरण घटेको छ, यसमा सुधार गर्नुपर्‍यो ।
- नेट प्रोफिट अघिल्लो वर्षभन्दा घटेको छ, यसमा ध्यान दिनुपर्‍यो ।
- समयमा नै साधारणसभा गर्नु पर्‍यो ।
- हाइड्रो पावर कम्पनी तर्फ बीमा बढाउनु पर्‍यो ।

- अर्को बर्ष धेरै शेयरधनी उपस्थित गराउन ध्यान दिनुपर्‍यो ।
- आगामी वर्ष अझ प्रगति होस् ।

**९) शेयरधनीले दिनु भएको सुझाव, प्रश्न जिज्ञासा बारे अध्यक्षज्यूले दिनु भएको जानकारी तथा प्रत्युत्तर जवाफ ।**

- यहांहरुको सुझाव, सल्लाह, शुभेच्छा निरन्तर पाइरहोस्, कम्पनीको प्रगतिको कामना तथा सुझावको लागि धन्यवाद ।
- अर्को बर्ष २५ औं वार्षिकोत्सवमा धेरै प्रतिफल दिनेछौं ।
- कम्पनीलाई अझ माथी पुर्‍याउन आवश्यक पहल गरिनेछ ।
- FPO को कारणले गर्दा AGM ढिला भयौ अर्को बर्ष समयमै AGM हुनेछ ।

**१०) सभाको निर्णय:**

**१०.१) वार्षिक प्रतिवेदन:**

संचालक समितिको तर्फबाट प्रस्तुत भएको आ.व. २०७३।०७४ को संचालक समितिको वार्षिक प्रतिवेदन सर्व सम्मतिले पारित गरियो ।

**१०.२) लेखा परीक्षकको प्रतिवेदन, नाफा नोक्सान हिसाब तथा वासलात पारित गर्ने बारे:**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७३।०७४ को नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरणहरु सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**१०.३) लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने:**

आर्थिक वर्ष २०७४।०७५ का लागि कम्पनीको हिसाब किताब लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरेका श्री बी. के. अग्रवाल एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टलाई दुई लाख पचहत्तर हजार रुपैया पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो ।

**१०.४) विशेष प्रस्ताव:**

**छलफलको विषय नं. ख(१) संग सम्बन्धित विशेष प्रस्ताव**

१०.४.१ कम्पनीको आर्थिक वर्ष २०७३।०७४ को हिसाव विवरण अनूसार कम्पनीको मूनाफाबाट शेयरधनीहरुलाई वितरण योग्य मूनाफाबाट १३.५२ प्रतिशत बोनस

शेयर तथा बोनस शेयरको कर प्रयोजनार्थ रकम रु.३६,५९,७४९।- लाभांश पारित गर्ने निर्णय पारित गरियो ।

**१०.७ विविध :**

विविध विषय अन्तर्गत कुनै पनि विषयमा छलफल भएन ।

**११) धन्यवाद ज्ञापन:**

अध्यक्षले साधारण सभा सु-सम्पन्न गर्न सहयोग गर्ने उपस्थित सम्पूर्ण शेयरधनीहरु एवं कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१२) **सभा बिसर्जन:**

अन्त्यमा, छलफल गर्नु पर्ने कुनै विषय बांकी नरहेको हुंदा दिनको १२:३० बजे कम्पनी सचिवले अध्यक्षको अनुमति लिई सभा बिसर्जन गरिएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| महेन्द्र बहादुर श्रेष्ठ | सुरेश लाल श्रेष्ठ |
| कम्पनी सचिव | अध्यक्ष |